प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## मिति २०७९ साल असार ८ गते बसेको सचिव बैठकको निर्णयहरू:-

१. मिति २०७९।०२।०५ गतेको सचिव बैठकका निर्णयहरूको मन्त्रालयगत रूपमा कार्यान्वयन अवस्थाको समीक्षा गरियो।

२. मन्त्रालय/निकायहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमको हालसम्मको प्रगतिको प्रस्तुतिकरण गरियो।

३. गण्डकी प्रदेश अनुगमन प्रणालीमा भएको मुख्यमुख्य कार्यक्रमहरूको मन्त्रालयगत प्रगति विवरण र सो सँग सम्बन्धित समस्याहरूको बारेमा बैठकमा छलफल गरियो।

४. प्रदेशमा समायोजन भएर आएका पदहरू रिक्त भइ पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाइएका पदहरूमा उम्मेदवार सिफारिस भइ आउने क्रम शुरु भएको तर प्रदेशको निजामती सेवा सम्बन्धी कानून निर्माण भइ नसकेकोले नियुक्ति र सेवाका शर्तहरू सम्बन्धमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले गरेको निर्णय वैठकमा जानकारी भयो।

५. मन्त्रालयहरूको आ-आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित आ.व. २०७८/०७९ मा प्रदेश सरकार मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने।

६. मन्त्रालय/निकायहरूले वार्षिक विकास कार्यक्रमहरूको अनुगमनलाई थप प्रभावकारी वनाउने।

७. मन्त्रालय/निकायहरूको आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित ऐनहरू निर्माण भएका तर कतिपय ऐनसँग सम्बन्धित नियमावली नवनेकोले आवश्यक नियमावली मस्यौदा तयार गर्न कार्ययोजना तयार गर्ने। कार्ययोजना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

८. मन्त्रालय/निकायले सरकारी सवारी साधन प्रयोग गर्दा विशेष सतर्कता अपनाउने र सार्वजनिक विदामा सवारी साधन सञ्चालन गर्नुपर्दा अनिवार्य रूपमा सवारी अनुमती पत्र लिने।

२०७९।३।८
प्रमुख सचिव